**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० जून २०२५

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले भन्नुभएको छ प्रौद्योगिकीमा पशु चिकित्सा र हेरचाहको क्षेत्रमा क्रांतिकारी परिवर्तन ल्याउने क्षमता छ।

- तेलंगानाको संगारेड्डी जिल्लामा एक दवाई कारखानामा आज भएको विस्फोटमा 12 जनाको मृत्यु भएको छ भने 26 भन्दा बढी घाइते भएका छन्।
- वित्त वर्ष 2024-25 मा वस्तु एवं सेवा कर जीएसटी संग्रह पांच वर्षमा दोब्बर भएर 22.8 लाख करोड़ रुपियाँको सर्वकालिक उच्चतम स्तरमा पुगेको छ।
- हिमाचल प्रदेशमा भारी वर्षाको कारण सामान्य जनजीवन प्रभावित भएको छ।
- लंदनको अल इंग्लैंड क्लबमा वर्षको तेस्रो विंबलडन टेनिस प्रतियोगिता आज देखि शुरु भएको छ।

**राष्ट्रपति एम्स गोरखपुर**

राष्ट्रपति द्रौपदी मुर्मुले प्रौद्योगिकीमा पशु चिकित्सा र हेरचाहमा क्रान्ति ल्याउने क्षमता रहेको बताउनु भएको छ। आज उत्तर प्रदेशको बरेलीमा भारतीय पशु चिकित्सा अनुसंधान संस्थानको 11 औं दीक्षांत समारोहलाई संबोधित गर्दै राष्ट्रपतिले भन्नुभयो प्रौद्योगिकीको प्रयोगले देश भरिका पशु चिकित्सा अस्पतालहरुलाई सशक्त बनाउन सकिनेछ। राष्ट्रपति मुर्मूले आज अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स), गोरखपुरको पहिलो दीक्षांत समारोहमा पनि भाग लिनु भयो। यस अवसरमा राष्ट्रपतिले भन्नुभयो एम्सले देशमा चिकित्सा शिक्षा, अनुसंधान र उपचारको क्षेत्रमा सर्वोच्च मानक स्थापित गरेको छ। [बाईट द्रौपदी मुर्मू एम्स ] राष्ट्रपतिले भोली बिहान उत्तर प्रदेशको पहिलो महायोगी गुरु गोरखनाथ आयुष विश्वविद्यालयको उद्घाटन गर्नुहुनेछ। अपरान्ह पछि राष्ट्रपतिले शैक्षणिक ब्लॉक ऑडिटेरियम र पंच कर्म केन्द्रको उद्घाटन गर्नुहुनेछ। र सोनबरसामा महायोगी गोरखनाथ विश्वविद्यालयको आरोग्य धाम परिसरमा छात्रावासको शिलान्यास गर्नुहुनेछ।

**संशो हैदराबाद विस्फोट**

तेलंगानाको संगारेड्डी जिल्लामा एक दवाई कारखानामा आज भएको विस्फोटमा 12 कर्मचारीको मृत्यु भएको छ भने 26 भन्दा बढी घाइते भएका छन्।यस घटनामा कम्पनीको परिसर पूर्ण रूपमा जलेको छ। राष्ट्रिय आपदा मोचन बल, राज्य आपदा प्रतिक्रिया दल र अन्य एजेन्सीहरूले उद्धार कार्य गरिरहेका छन्। घटनास्थलको दौराह गरेका राज्यका श्रममन्त्री विवेक वेंकटस्वामीले विस्फोटको कारण अझै पत्तो नलागेको बताउनुभयो। यसैबीच, मुख्यमन्त्री रेवन्त रेड्डीले घाइतेहरूलाई राम्रो चिकित्सा सहायता प्रदान गर्न अधिकारीहरूलाई निर्देश दिनु भएको छ। केन्द्रीय कोइला मन्त्री जी किशन रेड्डीले उद्धार कार्यमा केन्द्रीय एजेन्सीहरूले पूर्ण सहयोग गर्ने बताउनु भएको छ।

**राष्ट्रपति- तेलंगाना**

राष्ट्रपति द्रौपदी मुर्मुले आज तेलंगानाको संगारेड्डीमा एक कारखानामा आगलागीको घटनामा मृत्यु भएका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। सोशल मीडिया मार्फत एक पोस्टमा राष्ट्रपतिले भन्नुभयो उहाँ यस त्रासदीले घेरै दुःखी हुनुहुन्छ। उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको लागि कामना गर्नुभयो।

**पीएम हैदराबाद विस्फोट**

प्रधानमंत्री नरेन्द्र मोदीले यस भीषण आगलागीमा आफ्ना प्रियजनलाई गुमाउने प्रति संवेदना व्यक्त गर्नुभएको छ। उहाँले प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट प्रत्येक मृतकको परिजनलाई 2 लाख रुपियाँ र दुर्घटनामा घाईतेलाई 50 हजार रुपियाँको अनुग्रह राशी दिने घोषणा गर्नुभयो।

**विदेश मंत्रालय-प्रधानमंत्री-यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी बुधबार घाना, त्रिनिदाद र टोबैगो,अर्जेन्टिना, ब्राजिल र नामिबिया पाँच देशहरुको भ्रमणका लागि प्रस्थान गर्नुहुनेछ। विदेश मन्त्रालयमा आर्थिक सम्बन्ध सचिव दम्मू रविले आज नयाँ दिल्लीमा भन्नुभयो प्रधानमन्त्रीले आगमी महिना दुई देखि तीन तारिखसम्म आफ्नो पाँच देशहरुको भ्रमणको पहिलो चरणमा घानाको भ्रमण गर्नुहुनेछ। यो घानाको उहाँको पहिलो भ्रमण हुनेछ। उहाँले भन्नुभयो श्री मोदीले घानाका राष्ट्रपतिसित भेटवार्ता गर्नुहुनेछ। दुई देशले मजबुत पारस्परिक साझेदारीको समीक्षा गर्नका साथै आर्थिक, ऊर्जा र रक्षा सहयोगका अवसरहरूबारे चर्चा गर्नेछन्।

**जीएसटी संग्रह**

वित्त वर्ष 2024-25 मा वस्तु एवं सेवा कर जीएसटी संग्रह पांच वर्षमा दोब्बर भएर 22.8 लाख करोड़ रुपियाँ भएको छ जुन अहिले सम्मकै सबै भन्दा उच्च स्तरमा पुगेको छ। 2020-21 मा कुल संग्रह 11.37 लाख करोड़ रुपियाँ थियो। जीएसटी डेटा अनुसार औसत मासिक संग्रह 1.84 लाख करोड़ करोड़ रह्यो। भोली, वस्तु एवं सेवा कर लागू भएको आठ वर्ष पूरा हुनेछ।

हिमाचल प्रदेश-मौसम

हिमाचल प्रदेशमा भारी वर्षाको कारण सामान्य जनजीवन प्रभावित भइरहेको छ। एकातिर नदी र खोलाहरूमा बाढी आएको छ भने अर्कोतर्फ पहिरो र घर भत्किने घटनाहरू निरन्तर बढिरहेका छन्।

**बिहार मतदाता सूची**

निर्वाचन आयोगले बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन अभियान अन्तर्गत २००३ को मतदाता सूची आफ्नो वेबसाइटमा अपलोड गरेको छ। यस मतदाता सूचीमा लगभग पाँच करोड मतदाताको नाम समावेश छ। एक विज्ञप्तिमा आयोगले भनेको छ कि मतदाताहरूले मतदाता सूचीबाट आफ्नो विवरण प्रमाणित गर्नुपर्नेछ र भरिएको गणना फारम बुझाउनु पर्नेछ। अर्कोतर्फ, विपक्षी दलहरूले राज्यमा विधानसभा चुनाव हुनुभन्दा तीन महिना अघि यस्तो विशेष अभियानको आलोचना गरेका छन्। मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले भन्नु भयो विशेष गहन संशोधनको उद्देश्य कुनै पनि योग्य मतदातालाई छुटाउनु नपरोस् र साथै कुनै पनि अयोग्य मतदातालाई मतदाता सूचीमा समावेश नगरियोस् भन्ने सुनिश्चित गर्नु हो।

**दिल्ली- रेखा गुप्ता एंड-ऑफ-लाइफ वाहन**

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज सरकारले एंड-ऑफ-लाइफ वाहनहरू रोक्न ठोस कदम चाल्ने बताउनु भएको छ। सञ्चारकर्मीहरुसँग कुरा गर्दै मुख्यमन्त्रीले भन्नु भयो राजधानीमा बढ्दो प्रदूषणलाई ध्यानमा राख्दै सर्वोच्च न्यायालय र प्रदूषण नियंत्रण निकायले बारम्बार यी वाहनहरू रोक्न र पेट्रोल नदिन आग्रह गरेको छ। उहाँले भन्नु भयो सरकारले यसलाई कसरी राम्रोसँग कार्यान्वयन गर्न सकिन्छ भनेर हेरिरहेको छ। मुख्यमन्त्रीले सरकारले पेट्रोल पम्पहरूमा क्यामेरा जडान गर्ने सम्भाव्यता हेरिरहेको बताउनु भएको छ।

**विम्बल्डन २०२५**

विम्बल्डन टेनिस प्रतियोगिता आजदेखि लन्डनको अल इङ्गल्याण्ड क्लबमा सुरु भएको छ। १२ औं वरियताका अमेरिकी फ्रान्सिस टियोफे पुरुष सिंगल्समा दोस्रो चरणमा पुगेका छन्। उहाँले डेनमार्कको एल्मर मुलरलाई ६-३, ६-४, ६-२ ले पराजित गरे। महिला सिंगल्सको आफ्नो पहिलो खेलमा १४ औं वरियताकी युक्रेनी एलिना स्विटोलिनाले हंगेरीकी अन्ना बोन्डरलाई ६-३, ६-१ ले पराजित गरिन्। यस टूर्नामेंटमा चार भारतीय खेलाडीहरूले पुरुष डबल्समा भाग लिइरहेका छन्। रोहन बोपन्नाले बेल्जियमका

स्यान्डर गिलसँग डबल्स खेल्नेछन् भने युकी भाम्ब्रीले अमेरिकाका रोबर्ट ग्यालोवेसँग डबल्स खेल्नेछन्। रित्विक बोलिपल्लीले रोमानियाका निकोलस ब्यारिएन्टोससँग र एन. श्रीराम बालाजीले मेक्सिकोका मिगुएल रेयेस-भरेलासँग खेल्नेछन्।

**सेना प्रमुख - भूटान**

थल सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी आज भुटानको चार दिने औपचारिक भ्रमणका लागि प्रस्थान गर्नुभयो। यस भ्रमणको उद्देश्य दुई देशबीचको लामो समयदेखि जारी रक्षा सहयोगलाई थप मजबूत गर्नु हो। भ्रमणको क्रममा जनरल द्विवेदीले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकसित शिष्टाचार भेट गर्नुहुनेछ र रोयल भुटान आर्मीका चीफ अपरेशन ऑफिसर लेफ्टिनेंट जनरल बाटूसित पनि वार्ता गर्नुहुनेछ। यो भ्रमणले भारत र भुटान बीचको गहिरो र परम्परागत सम्बन्धलाई दर्शाउँदछ।

कोलकाता दुष्कर्म

गत हप्ता कोलकाताको कस्बा ल कलेजको छात्रामाथि भएको दुष्कर्मको सम्बन्धमा भाजपाको चार सदस्यीय टोलीले आज कलेजको भ्रमण गरेको छ। अर्कोतर्फ, अखिल भारतीय विद्यार्थी परिषद्का कार्यकर्ताहरूले घटनाको विरोधमा प्रदर्शन गरेका छन्।

****** ० ******